योगदान पुऱ्याउँछ।
अत: हरेक किशोरले आफ्नो तै निकीमा योगलाई स्थान दिनु अझ जरो आवश्यकता हो।

# एकाइ :- ४

## "समाजको विकास र दर्शन"

पाठ :- १

### "वर्तमान विश्वका सामाजिक विविधता र विशेषता"

अभ्यास

(क) सामाजिक विविधता भन्नाले के बुझिन्छ? उदाहरणसहित चर्चा गर्नुहोस्-?

→ समाजमा पनि अनेक जातजाति, भाषा, धर्म एवम् संस्कृति भएका थरी थरीका मानिसहरू सँगसँगै बसेको अवस्थालाई विविधताको अवस्था भनिन्छ। समाजमा रहेको विविधतालाई जनाउन नै 'सामाजिक विविधता' शब्दावली प्रयोग गरिन्छ। सामाजिक विविधताको अवधारणाले समाजमा रहेका विविध जाति, भाषा, धर्म, संस्कृति आदिलाई एउटै संरचनाका विशेष अङ्गका रूपमा चिनाउँछ। त्यस्ता पहिचानले समाजको विविधतापूर्ण स्वरूपलाई उजागर गरी सबै पक्षको समावेशीकरणमा मद्दत गर्छ।

उदाहरणका लागि नेपालीहरू एउटै समाजमा पनि विभिन्न र मिलेर बसेका छन्।

(ख) वर्तमान विश्व विविधतापूर्ण छ भन्ने तथ्य उदाहरणसहित स्पष्ट पार्नुहोस्।

→ सामाजिक विविधता विश्वको स्वाभाविक विशेषता हो। नेपाललाई बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवम् बहुधार्मिक देश मानिएको छ। विश्वमा धर्म, संस्कृति, भाषा र कलाका साथसाथै अन्य धेरै आयाममा विविधता रहेको छ।

उदाहरणका लागि संसारमा करिब ६ सय ५० जातीय समुदायहरू रहेका छन्। त्यस्तै ४ हजार ३ सय धार्मिक आस्थाजन्य सम्प्रदायहरू

रहेका छन्। संसारमा करिब ७ हजार १ सय भाषाहरू रहेका छन्। अहिलेको विश्व परिवेश बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक एवम् बहुजातीय छ।
संसारभरि आन्तरिक तथा अन्तर्राष्ट्रिय बसाइँसराइ भइरहेको छ। रोजगारी, व्यापारी, शिक्षा तथा पर्यटन प्रयोजनका लागि एक ठाउँबाट अर्को ठाउँमा अल्पकालिन बसोबासका लागि जाने मानिसहरूको संख्या ~~संङख्या~~ भन्न् झन् बढ्दै छ। यसरी वर्तमान विश्व विविधतापूर्ण छ भन्ने पुरका पुष्टि हुन्छ।

---

ग) सामाजिक विविधतालाई समन्वय गर्न किन आवश्यक छ?

→ विविधताको आवश्यकता जति बढ्छ, त्यति नै विविधताको समन्वयको आवश्यकता पनि बढ्छ। विविधतालाई समन्वय गर्न ~~एवम्~~ साम: गर्न नसकिएमा द्वन्द्व बढ्छ। फुटबल प्रतियोगिता हुँदा फरक फरक क्लबका प्रशंसकहरूको द्वन्द्व भयो भने त समस्या पर्छ भने धर्म, संस्कृति, जाति, भाषा कला, राष्ट्रियता जस्ता कुराहरू द्वन्द्वका बहाना बने भने झनै जटिल समस्या आइपर्छ। द्वन्द्व व्यवस्थापन र शान्तिको प्रवर्द्धनका लागि सामाजिक विविधतालाई समन्वय गर्न झनै आवश्यक छ।

---

घ) 'सामाजिक विविधता र एकता' आजको आवश्यकता भन्ने शीर्षकमा एक लेख तयार पार्नुहोस्।

→ " सामाजिक विविधता र एकता " आजको आवश्यकता।

नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक देशमा सामाजिक विविधता स्वाभाविक कुरा हो। यस विविधताले समाजलाई रंगीन र समृद्ध बनाउँछ। तर विविधता मात्र भएर पुग्दैन, सबै जात, धर्म, भाषा र संस्कृति बिच एकता जरुरी छ।

एकताले सहअस्तित्व, सद्भाव र शान्ति कायम गर्छ। यदि विविधताबीच एकता कायम राख्न सकियो भने राष्ट्रिय विकास, स्थायित्व र समृद्धि सम्भव हुन्छ। त्यसैले आजको युगमा सामाजिक विविधता र एकता अपरिहार्य आवश्यकता हो।

धन्यवाद!

पाठ (२) सामाजिक सम्बन्धहरूको विकास र सामाजिक अन्तर निर्भरता

Century Page: ८३ Date:

अभ्यास

1) गार्हपत्य, आहवनीय र विदथ भन्नाले के के बुझिन्छ?

→ गार्हपत्य :- परिवार संस्था
आहवनीय :- ग्राम सङ्गठन (गाउँ सभा)
विदथ :- विचार विमर्श गर्ने, उपभोग्य वस्तुको वितरण गर्ने, पीडा गर्ने, धार्मिक क्रियाकलाप गर्ने स्वस्थ-युद्धको तयारी गर्ने संस्था।

2) वैयक्तिकतावादी दृष्टिकोण र समुदायवादी दृष्टिकोणमा के भिन्नता रहेको छ? नेपाली संस्कृतिमा तिनीहरूको समन्वय कसरी गरीएको छ?

→ युरोपेली सभ्यतामा व्यक्ति र समाजको सम्बन्धबारे दुई बिल्कुलै विपरित मान्यताहरूको सङ्घर्ष देखिन्छ।
त्यहाँ एकातिर व्यक्तिलाई केन्द्रमा राखेको वैयक्तिकवादी दृष्टिकोण देखिन्छ भने अर्कोतिर सामाजिक तथा राजनीतिक संरचनालाई बढि महत्व दिने समुदायवादी दृष्टिकोण रहेको छ। ती दुईमध्ये कुन विचारधारा अवलम्बन गरिएको हो। सोही अनुसार सामाजिक सम्बन्धको स्वरूपमा फरक पर्ने हुन्छ। नेपाली संस्कृतिमा समन्वय र सामञ्जस्यलाई जोड दिइने हुनाले युरोपेली सन्दर्भको जस्तो व्यक्तिवादी वा समुदायवादी भन्ने दुई बिच्छी विभाजन छैन। सामाजिक व्यवहारमा समाजलाई प्राथमिकता दिने र आध्यात्मिक व्यवहारमा व्यक्तिलाई प्राथमिकता दिइने पद्धति यहाँ रहिआएको देखिन्छ। आधुनिक युगमा व्यक्तित्व निर्माणमा विज्ञान आधारित शिक्षा, प्रविधि केन्द्र सिप, बजार निर्देशित उपभोग र सूचना तथा मनोरञ्जनका लागि मिडियामा निर्भरता जस्ता कारणहरू बढि निर्णायक बन्दै गएको बताइन्छ। सामाजिक सञ्जालमा सहभागिता र त्यहाँ हुने अन्तरक्रियाले पनि व्यक्तित्वमा प्रत्यक्ष प्रभाव पारिरहेको देखिन्छ।

3.) सामाजिक अन्तर्निर्भरता भन्नाले के बुझिन्छ? उदाहरणसहित चर्चा गर्नुहोस्।

→ सामाजिक संरचनाको आधारभूत एकाई व्यक्ति र परिवार हुन्। त्यसपछिको संरचना कुल हो। आफ्नो कुलका मानिस र आफन्तहरूसहितको समुदायलाई कुटुम्ब भनिन्छ। सामाजिक राजनीतिक हिसाबले सबैभन्दा सानो एकाई ग्राम मानिएको देखिन्छ। विदुर नीतिमा कुलभन्दा ग्राम ठूलो एकाई रहेको र एउटा ग्राममा अनेक कुलहरू रहने देखाइएको

ग्रामभन्दा जनपद ठूलो एकाइ थियो 'कुल' जन्मसँग सम्बद्ध र 'गण' जनपदसँग सम्बद्ध रहेको थियो।

---

→ दुई वा दुईभन्दा बढी व्यक्ति वा समूहबिचको सम्बन्धलाई नै सामाजिक सम्बन्ध भनिन्छ

→ सामाजिक सम्बन्ध व्यक्ति व्यक्ति, व्यक्ति र समूह तथा समूह, समूह बिच हुने क्रियाकलाप हो।

→ सामाजिक सम्बन्धको निर्माण सामाजिक अन्तरक्रिया र अन्तरनिर्भरता बाट हुने गर्छ

---

## सामाजिक सम्बन्धका आधार:-

- विनिमय वा व्यापारमा आधारित सम्बन्ध,
- प्रतिस्पर्धामा आधारित सम्बन्ध,
- द्वन्द्वमा आधारित सम्बन्ध,
- सहयोगमा आधारित सम्बन्ध,
- सम्झौतामा आधारित सम्बन्ध,

---

## सामाजिक सम्बन्ध

- पारिवारिक सम्बन्ध, भेटघाट, जमघट आदिमा संलग्न हुने,
- सामाजिक संघसंस्था, क्लब आदिमा सहभागिता,
- आफ्नो कुरा प्रस्ट रुपमा राख्ने र अर्काको कुरा पनि सुन्ने र बुझ्ने,
- अरुको दुखमा साथ दिने
- चाडपर्व, संस्कार तथा धार्मिक क्रियाकलापमा सहभागिता

---

## सामाजिक सम्बन्धको विकासक्रम:

→ परिवार, समाजको आधारभूत संस्था हो र मानिसको सम्बन्ध गाँस्ने पहिलो एकाइ हो।

→ परिवार, कुल, कुटुम्ब, ग्राम (गाउँ), गण आदि संरचनाहरु राज्यको अस्तित्व सुरुवात हुनुभन्दा अगाडि रहेका एकाइ हरु हुन्।

→ सामाजिक र राजनितिक संस्थाहरूको क्रमिक विकासबारे ऋग्वेद,

ऋग्वेद, अर्थववेद, महाभारत आदि जस्ता वेद र वैदिक वाङ्मय मा ~~भेटिन्छ्यो~~ भेटिन्छन्।

- अर्थववेदका अनुसार सबैभन्दा पहिले बनेको संस्था:- परिवार हो (गार्हपत्य), त्यसपछि आहवनीय (गाउँसभा) र दक्षिणाग्नी (जनपद वा गण) को विकास भएको उल्लेख पाइन्छ।

- ऋग्वेदमा पनि विवाह, दाम्पत्य जिवन र विदथ जस्ता संस्थाको उल्लेख पाइन्छ। जसमा महिला र पुरुष दुवै सहभागि भई विचार विमर्स र क्रिडा गर्ने आदि गरिन्थ्यो।

---

गार्हपत्य ⟶ परिवार
आहवनीय ⟶ गाउँसभा / ग्रामसंगठन
दक्षिणाग्नी ⟶ ग्राम प्रतिनिधिहरु, जनपद वा गण
विदथ ⟶ महिला र पुरुष दुवै सहभागि भई छलफल र क्रिया गर्ने आहवनीय जस्तै संस्था)

---

- महाभारत ग्रन्थको शान्ती पर्व अनुसार सम्पूर्ण प्रजा धर्मद्वारा नै रक्षित, पालित र पोषित छन्थे।
- परिवार, कुल, कुटुम्ब, गण आदि संरचनाहरुलाई नै आधार मानेर राज्यको निर्माण भएको हो।

## सामाजिक सम्बन्धको महत्व

→ व्यक्तिको जिवनयापनलाई सहज बनाउछ।
→ एक्ले पुरा गर्न नसकिने आवश्यकता पुर्ति गर्न सजिलो बनाउछ।
→ सामाजिक ज्ञान, सिप आदानप्रदान गर्न मदत गर्छ।
→ समाजमा परस्पर, सहयोग र निर्भरता कायम गर्छ।
→ सामाजिक समस्या हल गर्न सहयोग गर्दछ।
→ मानिसलाई एक्लोपन को महसुस हुन नदिई, मानसिक स्वास्थ्य ठिक राख्छ।

Canary
Page Date:

(१.) व्यक्तित्वको आधार : चरित्र, जिम्मेवारी, आवश्यकता, संस्कार, संस्कृति, कर्तव्य, कर्म

२.) परिवार र पारिवारिक आदर्श

सामाजिकीकरण र संस्कृतिकरण तथा पारिवारिक आदर्श निर्माणमा परिवारको भुमिका :

→ एउटा आदर्श परिवार कस्तो हुनुपर्छ भन्ने मान्यताको निर्धारण मा परिवारको धर्म, सांस्कृतिक दर्शन अर्थात अर्थतन्त्रको ढाँचा प्रत्यक्ष प्रभाव परेको हुन्छ।

→ व्यक्तिको जीवनशैली, सोच, दृष्टिकोण तथा चरित्रको निर्माणमा परिवारको पहिलो प्रभाव पर्छ।

→ आर्थिक सम्बन्ध र रोजगारीका तरिका सामाजिकीकरणको पद्धति र विश्व दृष्टिकोणमा आएको परिवर्तनले परिवारको संरचना र पारिवारिक आदर्श बारेको सोचाईमा फरक पार्छ।

→ आफ्नो पुर्खौली ठाउँ, पेसा, जागिर वा मजदुरी, बसोबास, पारिवारिक संरचना आदिले पनि पारिवारीक आदर्श निर्माण गर्छ।

→ स्वसंस्कृतिकरण, परसंस्कृतिकरण र वैश्वीकरणले पनि पारिवारीक आदर्श र दृष्टिकोणमा अन्तर पार्छ।

---

'सामाजिक अन्तरनिर्भरता'

सामाजिक अन्तरनिर्भरता भनेको व्यक्ति व्यक्तिबिचको त्यस्तो आपसिसम्बन्ध हो। जुन निश्चित तथा साझा लक्ष्य वा उद्देश्य प्राप्तिका लागि कायम गरिन्छ।

→ समूहका सदस्यहरू साझा लक्ष्य वा उद्देश्य प्राप्तिका लागि एकीकृत भएका हुन्छन्।

प्राचिन सामाजिक संरचनामा परिवार, कुल, ग्राम, कुटुम्ब, गोष्ठी, गुरुकुल, आश्रम व्यवस्था, वर्ण व्यवस्था आदि जस्ता संस्थाहरू द्वारा सामाजिक अन्तरनिर्भरतालाई कायम र व्यवस्थित गरिन्थ्यो।

→ गुरुकुल तथा आश्रम व्यवस्थाले विभिन्न कुल, ग्राम, जनपद र ज्यादै टाढा रहेका देश हरुका मानिसहरूलाई पनि आपसमा संवाद र सहकार्य गर्ने

CS CamScanner

Century
Page: / Date:

अवसर सिर्जना गर्थ्यो।

- सामाजिक अन्तरनिर्भरता लाई व्यवस्थित गर्न गुण र कर्मका आधारमा वर्ण को व्यवस्था तथा उमेर अवस्था अनुसार आश्रमको व्यवस्था गरिएको थियो।

वर्ण व्यवस्था

ब्राहमण → शिक्षादिक्षा एवम ज्ञानमा केन्द्रित रहने समूह
क्षेत्रीय → । शासन प्रसासन, व्यवस्थापन र आवश्यकता अनुसार युद्धमा भाग लिने समूह,
वैश्य → कृषि, पशुपालन, शिल्प तथा व्यापार आदि कार्य गर्ने समूह
शुद्र → सेवामूलक कार्य गर्ने समूह,

गोष्ठी (गुठी)

देवी, देउताको पर्व, पूजा, जात्रा चलाउन वा मठमन्दिर देवस्थल आदि जस्ता धार्मिक स्थल वा सामाजिक परोपकारी र सांस्कृतिक कार्यका लागि दाताले दिइएको सम्पती।

* आधुनिक समाजको अन्तरनिर्भरताको आधारहरु :-
- मानवअधिकार, अनलाइन कारोबार
- अन्तर्राष्ट्रिय व्यापार, पर्यटन, वैदेशिक रोजगार, सञ्चार
- संस्थाहरु, अन्तर्राष्ट्रिय सम्बन्ध, वैश्विक सङ्गठनहरु
- सामाजिक तथा सांस्कृतिक संस्थाहरु, व्यापारिक संस्थाहरु।

CamScanner

सामाजिक

(3)



1) दर्शन के हो?

→ दर्शन भनेको जीवन, संसार, मानव अस्तित्व, ज्ञान, सत्य, नैतिकता र व्यवहारका बारेमा गहिरो रूपमा सोच्ने र बुझ्ने विद्या हो। यसले मानिसलाई सही सोच, मूल्य, दृष्टिकोण र जीवन चलाउने मार्गदर्शन दिन्छ। अर्थात्, दर्शन भनेको जीवन र संसारको गहिरो अर्थ बुझ्ने विज्ञान हो।

2) संसार / जगत भनेको के हो?

→ संसार / जगत भन्नाले सम्पूर्ण जीव-अजीव, मानव समाज, प्रकृति तथा अन्तरिक्षीय तत्वहरू मिलेर बनेको व्यापक प्राकृतिक र सामाजिक वातावरण हो।

3) दर्शनको वर्गीकरण

→ ईश्वरीय सत्ता मान्ने वा नमान्ने दृष्टिकोणबाट दर्शनलाई आस्तिक वा नास्तिक भनेर वर्गीकरण भएको पाइन्छ।

| आस्तिक | नास्तिक |
|---|---|
| ईश्वरीय सत्ता मान्ने | ईश्वरीय सत्ता नमान्ने |

4) पूर्वीय दर्शन र पाश्चात्य दर्शनका उदाहरण लेख्नुहोस्।

→ पूर्वीय दर्शन भन्नाले एसिया महादेशका देशहरू - विशेषगरी भारत, नेपाल, चीन, जापान आदिमा विकसित दर्शनहरू जनाउँछ। यो दर्शन आध्यात्मिक, नैतिक र आत्म-ज्ञान केन्द्रित हुन्छ।

मुख्य उदाहरणहरू :

| देश | दर्शन / चिन्तक | मुख्य विचार |
|---|---|---|
| भारतीय दर्शन | योग, न्याय, बौद्ध, जैन | आत्मा, मोक्ष, पुनर्जन्म |
| चिनियाँ दर्शन | कन्फ्युसियसवाद, ताओवाद | नैतिकता, प्रकृति सँग सन्तुलन शान्त जीवन |

| | | |
|---|---|---|
| जापानी दर्शन<br>नेपाल | जैन बौद्ध धर्म<br>बौद्ध र हिन्दू दर्शनको मिश्रित रूप | ध्यान, आत्म, ~~शक्ति~~<br>अहिंसा, मोक्ष र धर्म पालन गर्ने |

⇒ पाश्चात्य दर्शन युरोप र अमेरिकामा विकसित भएको हो। यो दर्शन तर्क, विज्ञान र विश्लेषणात्मक सोचमा आधारित छन्छ।
मुख्य उदाहरणहरू:-

| काल/परम्परा | दर्शन/चिन्तक | मुख्य विचार |
|---|---|---|
| प्राचीन ग्रीक दर्शन | सोक्रेटिस, प्लेटो, एरिस्टोटल | तर्क, ज्ञान, नैतिकता, राजनीति |
| मध्यकालीन दर्शन | सेन्ट अगस्टिन, थोमस ~~अर्म~~ अक्विनास | धर्म र तर्कको मेल मेल, |
| आधुनिक दर्शन | ~~सार्त्र, कामसिन~~ डेकार्ट, कान्ट | तर्क, चेतना |
| समकालीन दर्शन | सार्त्र, कामसिन | अस्तित्ववाद, स्वतन्त्रता |

५.) वैदिक षडदर्शन र प्रतिपादन
⇒ "षड्" शब्दको अर्थ ६ छन्छ र "दर्शन" को अर्थ चिन्तन वा दर्शनशास्त्र हो। त्यसैले, वैदिक षडदर्शन भन्नाले भारतमा विकसित भएका ६ वटा प्रमुख वैदिक दर्शनहरू जनाउँछ।

| | दर्शनको नाम | प्रतिपादक (संस्थापक) | मुख्य विचार |
|---|---|---|---|
| १.) | सांख्य दर्शन | ऋषि कपिल | प्रकृति र पुरुष (के तत्व) को सिद्धान्त. ईश्वरलाई अस्वीकार गर्छ। |
| २) | योग दर्शन | ऋषि पतञ्जलि | मानसिक नियन्त्रण, |
| ३) | न्याय दर्शन | ऋषि गौतम | तर्क, प्रमाण र विवेक द्वारा सत्यज्ञान प्राप्त |
| ४) | वैशेषिक दर्शन | ऋषि कणाद | परमाणु सिद्धान्त, |
| ५) | मीमांसा दर्शन | ऋषि जैमिनी | वेदका कर्मकाण्ड |
| ६) | वेदान्त दर्शन | ऋषि व्यास | ब्रम्हा नै परम सत्य हो। |

Camary
Page / Date:

ङ) नास्तिक पूर्वीय दर्शन र प्रतिपादन
→ नास्तिक दर्शनहरूले वेदलाई ज्ञानको सर्वोच्च स्रोत मानेका छैनन्। यी दर्शनहरू मुख्य रूपमा मानव अनुभव, नैतिकता र मोक्ष प्राप्ति माथी केन्द्रित छन् :-

नास्तिक पूर्वीय दर्शन र तिनका प्रतिपादकहरू:-

| क्रसं | दर्शनको नाम | प्रतिपादक | मुख्य विचार |
|---|---|---|---|
| 1) | बौद्ध दर्शन | गौतम बुद्ध | चार आर्य सत्य, आत्माको अस्तित्व अस्वीकार। |
| 2) | जैन दर्शन | महावीर स्वामी | अहिंसा, सत्य। |
| 3) | चार्वाक दर्शन | ऋषि बृहस्पति | ईश्वर, आत्मा। |

| आदर्शवादी दर्शन (चेतना प्रधान) | भौतिकवादी दर्शन (पदार्थ प्रधान) |
|---|---|
| → आदर्शवादी दर्शनले विश्वलाई अबोधगम्य मान्दछ। | → यसले संसारलाई बोधगम्य मान्दछ। |
| → यो ब्रह्माण्ड एउटा चमत्कारीक अदृश्य शक्तिले सञ्चालन गरेको मान्यता। | → अलौकिक र अदृश्य शक्ति केवल कल्पना मात्र। |
| → चेतनाले अस्तित्वको निर्धारण गर्ने। | → पदार्थबाट चेतनाको निर्धारण र विकास हुने। |
| → ज्ञान ईश्वर बाट प्राप्त हुने। | → ज्ञानको स्रोत व्यवहारलाई मान्ने। |
| → जीवनको पूर्व:जन्म र पुन:जन्म मा विश्वास। | → पूर्वजन्म र पुर्नजन्म काल्पनिक कुरा मात्र। |

* जीवन र जगत प्रति विभिन्न विश्व दृष्टिकोण :-

1) वैदिक दर्शन
→ यो जीवनको उपलब्धी पुर्न:जन्मको उपज हो। यो जन्मको सत्कर्मले अर्को जन्ममा सुख, शान्ती मिल्छ।
→ विश्वका सबै मानिसलाई विश्व बन्धुत्वको भावले हेर्नुपर्छ र सबैको अस्तित्व स्वीकार गर्नुपर्छ।

2) बौद्ध दर्शन।
→ चार आर्य सत्य "

Century
Page: / Date:

- संसारमा दुःख छ।
- दुःखको कारण छ
- दुःखको अन्त्य (निवारण) सम्भव छ।
- दुःख निवारणका लागि अस्टाङ्गीक मार्ग छ।

→ अस्टाङ्गिक मार्ग (८ वटा बाटो कुद्धले देखाएको)
- सम्यक दृष्टि,
- सम्यक वाणी (बोली)
- सम्यक संकल्प
- सम्यक कर्म
- सम्यक जीविका
- सम्यक प्रयास
- सम्यक स्मृति
- सम्यक समाधि

→ पञ्चशील मार्ग / सिद्धान्त (५ ओटा कुद्धले दिएको मार्ग)
- सत्य बोल
- चोरी नगर
- हत्या, हिंसा नगर
- यौन व्यवहारमा शुद्धहो। (वेतिचार नगर)
- दुर्व्यसन नगर (धुम्रपान ......)

3.) ईश्लाम दर्शन
→ शान्ति, शुद्धता, अधिनता, अज्ञाकारिता, जिवनका आधार हुन्।
→ आफूले कमाएको सम्पत्तिको केही अंश दान (जकात) गर्नुपर्छ।

4.) चर्वाक दर्शन
→ अर्को जिवन छैन
→ यहि जिवन नै सत्य हो।
→ जगत्‌को शरीर पृथ्वी, जल, तेज, वायु गरी चार तत्वबाट बनेको हो।

5.) जैन दर्शन।
→ हरेक प्राणीको कल्याण हुनुपर्छ।

→ यो ब्रह्माण्डलाई जोगाउनुपर्छ। र प्राकृतिक स्रोतलाई कम भन्दा कम प्रयोग गर्नुपर्छ।

६.) चिनिया दर्शन
→ सत्यवाद, परोपकार, र आत्मसम्मानलाई महत्व दिने।
→ अनुशासन, सरलता र प्रकृतिवाद आदिमा जोड।

७.) समकालिन दर्शन
→ जिवनको एउटै परिभाषा छैन, आ-आफ्नो अर्थअनुसार बुझ्न हो।
→ आदर्शवादी विचार भन्दा यथार्थहरुको खोजीमा बढी जोड।

---

ख) दर्शनको महत्त्व उल्लेख गर्नुहोस्।
→ दर्शनको महत्व यसप्रकार छन्:-
- जीवनको मार्गदर्शन : दर्शनले व्यक्तिलाई सही र गलत, नैतिक र अनैतिक छुट्याउन मार्गदर्शन गर्छ। जीवन मार्गदर्शन गर्छ।
- विश्व दृष्टिकोणको विकास: यसले विश्व र जीवनलाई बुझ्न व्यापक र तार्किक दृष्टिकोण प्रदान गर्छ। सकारात्मक सोच विकास गर्छ।
- वैज्ञानिक सोचको आधार: दर्शनले तार्किक र विश्लेषणात्मक सोचको विकास गरी विज्ञान र प्रविधिको प्रगतिमा सहयोग गर्छ।
- सामाजिक मूल्यको स्थापना : दर्शनले समाजमा न्याय, समानता र स्वतन्त्रताजस्ता मूल्यहरु स्थापित गर्न मद्दत गर्छ।
- आत्म-चिन्तन : यसले व्यक्तिलाई आफ्नो जीवनको उद्देश्य र मूल्यबारे सोच प्रेरित गर्छ। नैतिक र सामाजिक चेतना जगाउँछ,

---

ग) विश्व दृष्टिकोण भन्नाले के बुझिन्छ?
→ विश्व ~~दृष्टिकोण भन्नाले व्यक्ति वा समूहले~~ वा जगत्को विश्लेषण गरी आफ्ना अनुभूती समेतको आधारमा विश्वबारे बनाइएको अवधारणालाई विश्व दृष्टिकोण भनिन्छ। चेतना प्रधान गर्ने र वस्तुको सम्बन्धलाई प्रधान मान्ने विश्व दृष्टिकोणका विभिन्न उदाहरणहरुछन्।

CamScanner

Century
Page: /Date:

४) द्विधा विभाजन दृष्टिकोण र समन्वयात्मक दृष्टिकोणको फरक उदाहरणसहित स्पष्ट पार्नुहोस्।

→ ~~विभा~~ द्विधा विभाजन दृष्टिकोण :-

यस दृष्टिकोण अनुसार समाजमा रहेका विचार, मूल्य वा पक्षहरूलाई दुई विपरीत धारामा विभाजन गरिन्छ। यसले 'यो ठिक - त्यो गलत', 'यो राम्रो - त्यो नराम्रो' जस्ता सोचमा विश्वास गर्छ। अर्थात दुई कुरा बिचको विरोध वा भिन्नतालाई मुख्य ठान्छ।

उदाहरण :- धनी र गरिब, पुरुष र महिला, परम्परा र आधुनिकता, धर्म र विज्ञानलाई अलग-अलग विरोधी रूपमा हेर्ने सोच द्विधा विभाजन दृष्टिकोण हो।

समन्वयात्मक दृष्टिकोण :-

यस दृष्टिकोण अनुसार समाजका फरक-फरक विचार, मूल्य र पक्षहरू एक-अर्कासँग मेल र सन्तुलनमा राखिन सक्छन्। यसले विरोध होइन, सहयोग र एकतामा विश्वास गर्छ। अर्थात, सबै दृष्टिकोण र विचारहरू एक-अर्काका पूरक हुन सक्छन् भन्ने मानिन्छ। उदाहरण: परम्परा र आधुनिकतालाई दुवैलाई मिलाएर समाजको विकास गर्नु, धर्म र विज्ञान दुवैलाई सम्मान गर्नु - यी समन्वयात्मक दृष्टिकोणका उदाहरण हुन्।

---

५) विभिन्न ~~द~~ दार्शनिकहरूको योगदानको सूची तयार पार्नुहोस्।

→ विभिन्न दार्शनिकहरूको योगदानको सूची निम्न रहेको छ :-

i) कन्फ्युसियस :-
- चीनका महान दार्शनिक, नैतिकता र अनुशासनमा जोड।
- परिवार र समाजमा शान्ति, इमानदारी र सम्मानको प्रचार गरे।

ii) गौतम बुद्ध :-
- दुःख, कारण र मुक्ति सम्बन्धी आर्य सत्य र अष्टाङ्गिक मार्ग प्रस्तुत गरे।
- मध्यम मार्ग र अहिंसाको सिद्धान्त दिए।
- मानव कल्याण, करुणा र शान्तिको सन्देश फैलाए।

iii) स्वामी विवेकानन्द :-
- मानव सेवा नै ईश्वर सेवा हो, भन्ने विचार दिए।

• एकता चेतना, आत्मविश्वास जोगाउन काम गरे।

iv) कार्ल मार्क्स :-
• वर्ग, संघर्ष र समाजवादको सिद्धान्त प्रस्तुत गरे।
• पुँजीवादी आलोचना गर्दै समानतामूलक समाजको परिकल्पना गरे।

---

पाठ-४
" दैनिक जीवनमा दर्शनको उपयोगिता "

अभ्यास,

क) दर्शन बौद्धिक साथसाथै प्रायोगिक विद्या पनि हो कसरी? कारण उल्लेख गर्नुहोस्।

⇒ कारण :-

बौद्धिक पक्ष :-

दर्शनले सोच्ने, तर्क गर्ने र प्रश्न उठाउने क्षमता विकास गर्छ। यसले मानिसलाई जीवन, जगत र सत्यका बारेमा गहिरो रूपमा विचार गर्न सिकाउँछ। त्यसैले दर्शनलाई बौद्धिक विद्या भनिन्छ, किन भने यसले बुद्धि र विवेकको प्रयोग गराउँछ।

प्रायोगिक पक्ष :-

दर्शन केवल विचारमा सीमित छैन, यसले व्यवहारमा पनि मार्ग दर्शन गर्छ। मानिसले आफ्नो जीवनमा सदाचार, अनुशासन, सहनशीलता र कर्तव्यपालन गर्न दर्शनबाट प्रेरणा पाउँछ। यसरी दर्शनले दैनिक जीवनमा व्यावहारिक रूपमा प्रयोग गर्न सकिने ज्ञान दिन्छ।

दर्शनले मानिसलाई सोच्न पनि सिकाउँछ (बौद्धिक) र जीवनमा लागु पनि (प्रायोगिक) सिकाउँछ। त्यसैले दर्शन बौद्धिकसँग प्रायोगिक विद्या पनि हो।

ख दैनिक जीवनका क्रियाकलापसँग दर्शन कसरी सम्बन्धित हुन्छ?

⇒ दैनिक जीवनका क्रियाकलापसँग दर्शन निम्न तरिकाले सम्बन्धित छन्:-

i) सही - गलत छुट्याउन मद्दत गर्छ।

ii) नैतिकता र मानवीय मूल्यहरू विकास गर्छ।

iii) समस्या समाधानमा सहयोग गर्छ।

iv) शान्त र सन्तुलित जीवनका लागि मार्गदर्शन गर्छ।

ग) दैनिक जीवनमा दर्शनको उपयोगिताका केही उदाहरणहरू दिनुहोस्।

⇒ दैनिक जीवनमा दर्शनको उपयोगिता केहि उदाहरणहरू निम्न अनुसार छन्:

i) सहि निर्णय लिन सहयोग: जब हामी राम्रो र नराम्रोबिच छनोट गर्छौं, जस्तै कसैलाई सहयोग गर्ने वा नगर्ने, त्यहाँ दर्शनको प्रयोग हुन्छ।

ii) नैतिक जीवनमा प्रयोग :- विद्यालय, घर वा समाजमा इमानदारी र जिम्मेवारीपूर्वक काम गर्नु दर्शनको नैतिक शिक्षाको उदाहरण हो।

iii) समस्या समाधानमा उपयोग :- कुनै कठिन परिस्थितिमा व्यवहारिक प्रयोग हो।

घ) तपाईंको जीवनमा कुन दर्शनका के कस्ता प्रभावहरू परेका छन्-? उल्लेख गर्नुहोस्।

⇒ मेरो जीवनमा दर्शनका निम्न प्रभावहरू परेका छन्:-

- नैतिक दर्शनको प्रभावले व्यक्तिलाई साँचो बोल्न, इमानदार रहन र सहि काम गर्न प्रेरणा दिलाउँछ।
- धार्मिक दर्शनले मानिसलाई आस्था, श्रद्धा र कर्ममा विश्वास राख्न सिकाएको छ।
- मानवतावादी दर्शनले सबै मानिसहरू बराबर हुन भन्ने सोचको विकास जगाएको छ।
- व्यवहारिक दर्शनले दैनिक जीवनमा समस्याहरू समाधान गर्न तर्क संगत सोच प्रयोग गर्न सघाएको छ।

"५ समुदायमा आएका परिवर्तन र सामाजिक रुपान्तरण"

पाठ:५

अभ्यास

तलका प्रश्नको उत्तर दिनुहोस्।

क) सूचना समाज भन्नाले के बुझिन्छ?

→ सूचना र सञ्चार प्रविधिको प्रयोग व्यापक रुपमा हुने समाजलाई सूचना समाज भनेर बुझिन्छ।

ख) बसाईसराइले सामाजिक विविधतामा पार्ने प्रभावहरु विश्लेषण गर्नुहोस्।

⇒ बसाइँसराइ भन्नाले मानिसहरु विभिन्न कारणले एउटा स्थानबाट अर्को स्थानतर्फ स्थायी वा अस्थायी रुपमा सर्ने प्रक्रिया हो। यसले समाजमा धेरै प्रकारका सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तन ल्याउँछ। बसाइँसराइका कारण विभिन्न जात, भाषा धर्म र संस्कृतिका मानिसहरु एउटै ठाउँमा आएर बसोबास गर्न थाल्छन्। जसले समाजमा नयाँ सांस्कृतिक विविधता सिर्जना गर्छ। मानिसहरुबिच आपसी सहयोग, सद्भाव र सहिष्णुता बढ्ने सम्भावना रहन्छ। नयाँ सोच, नयाँ सिप र नयाँ ज्ञानको आदान-प्रदान हुन थाल्छ, जसले समाजलाई आधुनिक र गतिशिल बनाउँछ। यसरी बसाइँसराइले समाजमा नयाँ विविधता, नयाँ अवसर र चुनौती दुवै ल्याउने भएकाले यसको व्यवस्थापन र सहअस्तित्वको भावना आवश्यक छ।

ग) प्रविधिको विकास र सामाजिक सञ्जालको बढ्दो प्रयोगले गरेका सकारात्मक प्रभाव र नकारात्मक असर विश्लेषण गर्नुहोस्।

⇒ आजको आधुनिक युगमा प्रविधि र सामाजिक सञ्जाल हाम्रो जीवनको अभिन्न अङ्ग बनेका छन्। यी दुवैको प्रयोगले समाज, शिक्षा, व्यवसाय र व्यक्तिगत जीवनमा गहिरो प्रभाव परेका छन्। जसमा निम्न सकारात्मक र नकारात्मक असरहरु देखिन्छन्:-

सकारात्मक प्रभाव:-

i) सूचना र ज्ञानको सजिलो पहुँच:-

इन्टरनेट र सामाजिक सञ्जालका कारण विश्वका कुनै पनि कुनाबाट सजिलै जानकारी प्राप्त गर्न सकिन्छ।

ii) शिक्षामा सुधार:-

अनलाइन कक्षा ई-लर्निङ प्लेटफर्म, र शैक्षिक

समाग्रीहरूले विद्यार्थीहरूलाई पढाइमा सहयोग पुर्याएका छन्।

नकारात्मक प्रभाव:-

~~i) सूचना र ज्ञानको सजिलो पहुँच : इन्टरनेट र सामा~~

i) गोपनीयता र सुरक्षामा समस्या:- व्यक्तिगत जानकारी चोरी हुने वा दुरुपयोग हुने खतरा बढेको छ।

ii) लत र समयको दुरुपयोग :- अत्याधिक प्रयोगले पढाइ, काम र पारिवारिक सम्बन्धमा असर पारिरहेको छ।

घ) समाजमा आएको परिवर्तनले सामाजिक रूपान्तरणमा मद्दत पुर्याउँछ, कसरी?

→ समाज स्थिर हुँदैन समय, परिस्थिति र प्राविधिक विकाससँगै समाज निरन्तर परिवर्तन भइरहन्छ। यही परिवर्तनले सामाजिक रुपान्तरणलाई सम्भव बनाउँछ। सामाजिक रुपान्तरण भन्नाले समाजका मूल्य, विश्वास व्यवहार संरचना र सम्बन्धहरूमा आएको स्थायी र गहिरो परिवर्तन जनाउँछ।

~~निम्न तरिकाबाट~~ समाजमा आएको परिवर्तनले सामाजिक रुपान्तरणमा निम्न तरिकाबाट मद्दत पुर्याउँछ:-

i) प्राविधिक विकासको प्रभावबाट समाजलाई आधुनिक तथा वैज्ञानिक बनाएको छ।

ii) शिक्षा र चेतनाको वृद्धिले नयाँ सोच विकास गरी अन्धविश्वास घटाएर समानता ल्याउन सहयोग पुर्याएको छ।

iii) उद्योग, व्यवसाय र रोजगारीका अवसर बढी आर्थिक सुधार गरी गरिबी घटाएर सामाजिक रुपान्तरणमा योगदान पुर्याएको छ।

यसरी समाजमा भएका शिक्षा, प्रविधि आर्थिक राजनीतिक परिवर्तनहरूले मानिसहरूको सोच, व्यवहार र सम्बन्धमा सुधार ल्याएर समाजलाई आधुनिक समानतामूलक र प्रगतिशील बनाउन मद्दत पुर्याएका छन्।